SERVICE CHILDREN'S EDUCATION
HORNBILL SCHOOL BRUNEI

HORNBILL NEWSLETTER
Main Site Tel: 3224101 ext 3214/Fax: 3222133
Foundation Site Tel/Fax: 3333225
Email: office.hornbill@sceschools.com
www.hornbillschool.com
Head Teacher Mrs Kathy Wood MBE MEd
शुक्रबार १३ नोभेम्बर २००९

Welcome
'Flying High'
Working together to Build a Successful Future for All

**हाम्रो बिद्यालयको यस टर्मको मुल्यमान्यता उत्तरदायित्व, उत्प्रेरणा र एकता रहेको छ ।**

आदरणीय अभिभावकज्यु ,

हाम्रो नेपालको ट्रीप धेरै सफल रह्यो । डिप्युटी हेड टिचर श्री राजेश थापा र मैले नेपाली स्पेशेलिष्ट टिचरको छनौटको निम्ति घेरै आवेदकहरुको अन्तरवार्ता लियौं र त्यसमा छनौट हुने आवेदकले आगामी जनवरी २०१० बाट काम आरम्भ गर्नु हुनेछ । श्री राजेश थापा, श्री गोविन्द गुरुङ्ग अनि म अर्को हप्ता आई सि टि महोत्सवको लागी बेक्टाको होल स्कूल अवार्डमा भाग लिन फेरि यु के जाँदैछौं । एस सि ई स्कूलहरुको क्षेत्रबाट हाम्रो स्कूल बिजय भएकोमा हामी एकदमै प्रसन्न छौं । बिजय स्कूलको नाम राष्ट्रीय स्तरमा नै १९ नोभेम्बरमा हुने महोत्सवमा घोषणा हुने भएको छ ।

तपाईको शुभेक्छुक,
*Kathy Wood*
क्याथी वुड एम बि ई,
हेडटिचर ।

**शुक्रबारको एसेम्बली ।**
हाम्रो आज रिमेम्बरेन्स विक सेलेब्रेशन एसेम्बलीको अगुवाई गरेकोमा कक्षा ४ का नानीहरु सबैलाई धन्यबाद । हाम्रा कक्षा ४का नानीहरुले आत्मविश्वासको साथ गरेको प्रस्तुति उत्कृष्ट थियो । कक्षा ४ का नानीहरु हो ! तिमीहरुको यस उत्कृष्ट कार्यको लागी स्याबास । एसेम्बलीमा पाल्नु भई नानीहरुलाई सहयोग गर्नु हुने सबै अभिभावकहरुमा पनि धन्यबाद । हाम्रो एसेम्बलीमा बिगुल धुन सुनाउन २ आर जि आरका पाईप्स एण्ड ड्रम्सबाट पाल्नु हुने महानुभावहरु सबै सबैमा बिशेष धन्यबाद ब्यक्त गर्न चाहन्छौं ।

**हर्नबील हेल्पिङ्ग ह्याण्डस् किसमस मेला ।**
उल्लेखित कार्यक्रम आगामी बुधबार ०२ डिसेम्बरको दिन १६००-१८०० बजे हुनेछ । यस मेलामा बिभिन्न सामग्रीहरु उचित मुल्यमा बिकिमा राखिनेछन् । ब्रिटिस, इन्डियन अनि नेपाली स्वादिलो खानाहरुको साथै बिभिन्न रमाइला खेलहरु, चुनौतीहरु अनि चिट्ठा पनि हुनेछन् । त्यसैले सबै परिवार अनि साथीहरु संग आई मनोरञ्जन लिनु होला ।

**फेमेली लर्निङ्ग प्रोग्राम (एफ एल पि ) ।**
हाम्रो अब हुने एफ एल पि आगामी १८ नोभेम्बरमा फाउण्डेशन साइटमा हुने नानीहरुको अभिभावकहरुको निम्ति संचालन हुनेछ । उक्त सेसन गणित अर्न्तगत रहनेछ यस सेसन १७०० बजे टुकर लायन्स मेन साईटमा संचालन हुनेछ ।

**फाउण्डेशन साईटका हालखबरहरु ।**
हाम्रो एसेम्बलीमा आउनु भई सेनामा आफ्नो बिशेष भुमिकाको बारेमा नानीहरुसंग कुराकानी गरिदिनु भएकोमा पादरीमा हार्दिक धन्यबाद दिन चाहन्छौं । श्री फील कटरद्वारा संचालित पिडियाट्रीक फर्स्ट एड कोंसमा सहभागी किवर्कर अनि एल एस एहरु सबैले लाभ उठाए । जमर्नीबाट पाल्नु भएका हाम्रो लिङ्ग इन्सपेक्टर एडभाइजर श्री ग्रह्याम मार्शलले यस हप्ताको भ्रमणमा फाउण्डेशन साइटको विशिष्ट स्तरको वातावरण बारे आफ्नो प्रतिकिया ब्यक्त गर्नु भएको छ । जमर्नीबाट नै आउनु भएका हाम्रो लिटरेसी कन्सल्टेन्ट सारा कोंटले फाउण्डेशन क्षेत्रमा लेखन् कार्यको बिकाशमा हामीलाई सहयोग गर्नु भएको छ ।

**बिद्यालय संचालक समितिको सभा ।**
यस बर्षको हाम्रो बिद्यालय संचालक समितिको प्रथम सभा बिहिबार १२ नोभेम्बरको दिन सम्पन्न भयो । बिद्यालय संचालक समितिका अध्यक्षपद ग्रहण गरिदिनु भएकोमा मेजर याम बहादुर राना एम भी ओ प्रति साथै सभामा उपस्थित भई सहयोग प्रदान गर्नु हुने हाम्रा नयाँ समिति सदस्यहरुमा हामी आभार प्रकट गर्दछौं ।

**खेलकुद दिवस ।**
आगामी २६ नोभेम्बर बिहिबारको दिन बिहान ०८३० बजे ग्यारिजन स्पोंटस् कमप्लेक्समा हुने खेलकुद दिवसको लागी नानीहरु आ आफ्ना क्षेत्रमा अभ्यास गर्नमा ब्यस्त छन् । आफ्ना नानीलाई सर्पोट गर्न उक्त दिन कृपया आउनु होला ।

**तपाईको डायरीको लागी ।**
बुधबार १८ नोभेम्बर ०९- गणीत अर्न्तगत एफ एस अभिभावकहरुको लागी फेमेली लर्निङ्ग प्रोग्राम मेन साइटमा १७०० बजे ।
बुधबार २५ नोभेम्बर ०९- गणीत अर्न्तगत फेमेली लर्निङ्ग प्रोग्राम मेन साइटमा १७०० बजे ।
बिहिबार २६ नोभेम्बर ०९- फाउण्डेशन साइटमा सेलेब्रेशन एसेम्बली ।
बिहिबार २६ नोभेम्बर ०९- मेन साइटमा कक्षा १ बाट कक्षा ६ सम्मका नानीहरुको लागी खेलकुद बिहान ०८३० बजे ।
बुधबार ०२ डिसेम्बर ०९- एफ एस १मा नयाँ भर्ना हुने नानीका अभिभावकहरुको लागी मिटिङ्ग १९०० बजे फाउण्डेशन साइटमा ।
बुधबार ०२ डिसेम्बर ०९- हर्नबील हेल्पिङ्ग ह्याण्डस् किसमस मेला १६०० - १८०० बजे मेन साइटमा ।
बिहिबार ०३ डिसेम्बर ०९- फेज ३ का किश्टिङ्गल सर्बिस १८०० बजे मेन साइटमा ।
सोमबार ०७ डिसेम्बर ०९-हर्नबील बिद्यालय मेन साइटमा किसमस सेलेब्रेशन सप्ताह आरम्भ ।
बुधबार ०९ डिसेम्बर ०९- फेज २का नेटिभिटि मेन साइटमा १२०० बजे ।
बुधबार ०९ डिसेम्बर ०९- एफ एस - कक्षा ६को ल्याण्डिङ्ग प्याड । थप जानकारी पछि उपलब्ध गराउने छौं ।
बिहिबार १० डिसेम्बर ०९- एफ एस द्वारा किसमस प्रडक्सन फाउण्डेशन साइटमा । निमन्त्रणा पछि पठाउनेछौं ।
शुक्रबार ११ डिसेम्बर ०९- एफ एस द्वारा किसमस प्रडक्सन फाउण्डेशन साइटमा । निमन्त्रणा पछि पठाउनेछौं ।
सोमबार १४ डिसेम्बर ०९- कक्षा १ अनि २को किसमस पार्टी । हर्नबील बिद्यालयमा फ्लाईङ शान्टाको भिजिट ।
मंगलबार १५ डिसेम्बर ०९- मेन साइटमा कक्षा ३ अनि ४ को किसमस पार्टी ।
बुधबार १६ डिसेम्बर ०९- मेन साइटमा कक्षा ५ अनि ६ को किसमस पार्टी ।
बिहिबार १७ डिसेम्बर ०९- एफ एस १ र२ को किसमस पार्टी फाउण्डेशन साइटमा ।
शुक्रबार १८ डिसेम्बर ०९- पहिलो टर्मको अन्तिम दिन । एफ एस १को १००० बजे अनि एफ एस २-कक्षा ६को १२०० बजे छुट्टी हुनेछ ।
मंगलबार ०५जनवरी १०- दोस्रो टर्मको लागी बिद्यालय पुन संचालन ।